(सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

# २०८१ साल श्रावण १ गते देखि २०८१ साल आश्विन मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरु

(स्वत: प्रकाशन)

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौ

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौ

फोनः ०१-४२००३०६ इमेलः goodgov.section@mofaga.gov.np

२०८१ कार्तिक १४

## २०८१ साल श्रावण १ गते देखि २०८१ साल आश्विन मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरु (स्वतः प्रकाशन)

---


**प्रकाशकः** नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
क्षमता विकास महाशाखा
सुशासन प्रवर्द्धन शाखा

**फोन नं.:** ०१-४२००३०६

**वेवसाइटः** www.mofaga.gov.np

**इमेलः** goodgov.section@mofaga.gov.np

**प्रकाशनः** २०८१ कार्तिक १४

# बिषयसूची


| क.सं. | विवरण | पेज नं. |
|---|---|---|
| १. | मन्त्रालयको स्वरुप र प्रकृति | १ |
| २. | मन्त्रालयको काम, कर्तव्य र अधिकार | २ |
| ३. | मन्त्रालयको संगठन संरचना, कर्मचारी संख्या एवं कार्य विवरण | ३ |
| ४. | मन्त्रालयबाट प्रदान गरिने सेवा | १७ |
| ५. | मन्त्रालयका महांशाखा, शाखा र जिम्मेवार अधिकारी | १७ |
| ६. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | १९ |
| ७. | निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी | १९ |
| ८. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | १९ |
| ९. | सम्पादन गरेका मुख्य मुख्य कामको विवरण | १९ |
| १०. | सूचना अधिकारी, प्रवक्ता र प्रमुखको नाम पद | २८ |
| ११. | आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | २८ |
| १२. | मन्त्रालयका सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरण | २९ |
| १३. | मन्त्रालय/निकायमा परेको सूचना माग सम्बन्धी निवेदन | २९ |
| १४. | मन्त्रालयले गरेको सूचना सम्बन्धी थप कामहरु | २९ |
| १५. | मन्त्रालयले गरेका कार्यक्रम र सो को प्रतिवेदन | २९ |
| १६. | मन्त्रालयले बर्गीकरण तथा संरक्षण गरेका सूचनाको विवरण | २९ |
| १७. | ऐन नियम तथा निर्देशिकाको सूची | ३० |

## १. मन्त्रालयको स्वरुप र प्रकृति

**नेपाल सरकार** (कार्यविभाजन) (पहिलो संशोधन) नियमावली, २०७४ को अनुसुची- १ बमोजिम सङ्घीय मामिला तथा **सामान्य प्रशासन** मन्त्रालयको स्थापना भएको हो। नेपालको संविधान, २०७२ जारी भएपछि सङ्घीयताको कार्यान्वयन शुरु भएको तथा संघीयताको कार्यान्वयन सँगै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको भूमिका बढेको छ । मुख्यतया संघ, प्रदेश र स्थानीय तहमा कर्मचारीको व्यवस्थापन, विकास, निर्माण, सुशासन, सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने जस्ता विषयमा यस मन्त्रालयको भूमिका केन्द्रित रहेको छ।

नेपालको संविधान, २०७२ को धारा २९५ को उपधारा ३ बमोजिम गठन भएका गाउँपालिका, नगरपालिका मिति २०७३।११।२७ देखि लागू हुने गरी ६ वटा महानगरपालिका, ११ वटा उपमहानगरपालिका २७६ वटा नगरपालिका, ४६० वटा गाउँपालिका गरी ७५३ वटा गाउँपालिका र नगरपालिका कायम भएको छ । जनताको अधिकार जनताकै घरदैलोमा पुगेको छ । यस मन्त्रालय अन्तर्गत निजामती अस्पताल, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, राष्ट्रिय किताबखाना, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान गरी ४ वटा विभागिय कार्यालयका अतिरिक्त ७७ वटा जिल्ला समन्वय समिति क्रियाशील रहेका छन् ।
मन्त्रालयको कार्यसञ्चालनका लागि नेपालको संविधान, २०७२ अनुरुप राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व समेतलाई आत्मसात गरी कार्य गर्दै आएको छ ।

**स्थानीय तहको विवरण**

| | |
|---|---|
| जिसस | ७७ |
| गाउंपालिका | ४६० |
| नगरपालिका | २७६ |
| उपमहानगरपालिका | ११ |
| महानगरपालिका | ६ |
| म.न.पा. वडा | १७४ |
| उ.म.न.पा वडा | २३४ |
| न.पा वडा | ३११९ |
| गा.पा. वडा | ३२१६ |
| जम्मा वडा संख्या | ६७४३ |

स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा स्थानीय सरकार संचालन ऐन, २०७४ तथा समय-समयमा जारी भएका स्थानीय तह सम्बन्धी विभिन्न क्षेत्रगत कार्यविधि तथा निर्देशिकाले मार्ग निर्देशन गर्दैआएको छ ।

नवगठित स्थानीय तहहरूबाट हुने सेवा प्रवाहमा प्रभावकारिता, गुणस्तरीयता तथा एकरुपता होस् भन्ने हेतु सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानूनहरू जारी गरिएको छ ।

## १. मन्त्रालयका कार्यहरु:

नेपालको संविधानको धारा ८२ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, मन्त्रिपरिषद्ले नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ तर्जुमा गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको कार्यहरू देहाय बमोजिम तोकेको छः

१. संघ र स्थानीय तथा प्रदेश र स्थानीय तहबीचको सम्पर्क र समन्वय;
२. स्थानीय तहको सङ्ख्या, सिमाना, वडा र केन्द्र निर्धारणसम्बन्धी नीति, मापदण्ड, कार्यान्वयन र सहजीकरण;
३. विशेष, संरक्षित र स्वायत्त क्षेत्रको सीमाङ्कन र संरचनासम्बन्धी नीति, कानुन र मापदण्ड;
४. राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग र मुस्लिम आयोग;
५. स्थानीय पूर्वाधार विकाससम्बन्धी नीति, कानुन, मापदण्ड, प्रविधि विकास र अनुसन्धान;
६. स्थानीय तहका पदाधिकारी र कर्मचारीको वैदेशिक भ्रमणसम्बन्धी नीति, कानुन, मापदण्ड;
७. सङ्घीय निजामती तथा अन्य सङ्घीय सरकारी सेवाका निवृत्तिभरणलगायत अवकाशजन्य सुविधासम्बन्धी नीति, मापदण्ड र व्यवस्थापन;
८. सङ्घीय कर्मचारी निकायसम्बन्धी कार्य;
९. सार्वजनिक सेवा प्रवाहसम्बन्धी नीति, कानुन र मापदण्ड;
१०. संगठन तथा व्यवस्थापन सर्भेक्षणसम्बन्धी नीति, कार्यान्वयन र समन्वय;
११. प्रशासनिक सुधारसम्बन्धी नीति, योजना, समायोजन र समन्वय;
१२. सङ्घीय निजामती सेवा र अन्य सरकारी सेवा सञ्चालनसम्बन्धी नीति, कानुन, मापदण्ड तथा सेवा, समूह र उपसमूहको व्यवस्थापन;
१३. सङ्घीय निजामती सेवा र अन्य सङ्घीय सरकारी सेवाहरूको व्यवस्थापन संघ, प्रदेश र स्थानीय तहमा समायोजन र अन्तरप्रदेश कर्मचारी समन्वय एवं व्यवस्थापन;
१४. कर्मचारी कल्याणसम्बन्धी नीति, कानुन र मापदण्ड;
१५. संघ, प्रदेश र स्थानीय तहमा रहने पदहरूको दरबन्दी सिर्जनासम्बन्धी नीति र मापदण्ड;
१६. बढुवा समितिको सचिवालय;
१७. सङ्घीय निजामती तथा अन्य सङ्घीय सरकारी सेवाका पदाधिकारीको सेवा, सर्त, सुविधा;
१८. संघ, प्रदेश र स्थानीय तहका कर्मचारीहरूको न्यूनतम शैक्षिक योग्यतासम्बन्धी नीति, कानुन र मापदण्ड;
१९. स्थानीय तहको सार्वजनिक पदाधिकारीको सुविधासम्बन्धी नीति र मापदण्ड;

२०. सङ्घीय निजामती तथा अन्य सङ्घीय सरकारी सेवाको तालिमसम्बन्धी नीति, कानुन, मापदण्ड, अध्ययन, अनुसन्धान र विकास;
२१. सार्वजनिक पदाधिकारीहरूको क्षमता विकाससम्बन्धी नीति र मापदण्ड;
२२. प्रशासकीय अभिलेख र तथ्याङ्क;
२३. निजामती अस्पताल र नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान;
२४. मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय;
२५. मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन, राष्ट्रसेवक कर्मचारी सम्वद्ध संघसंस्था;
२६. रज्जूमार्गकानून र मापदण्ड केबलकार सम्बन्धी नीति ,
२७. नेपाल प्रशासन सेवा नेपाल आर्थिक योजना तथा ,तथ्यांक सेवा र नेपाल विविध सेवाको सञ्चालन
२८. नेपाल इन्जिनियरिङ सेवासिभिल इन्जिनियरिङ समूहको जनरल उपसमूहको सञ्चालन ,


## ३. मन्त्रालयको संगठन संरचना, कर्मचारी संख्या एवम् कार्य विवरण

### (क) संगठन संरचना

नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको संगठन संरचना

अनुसूची १



नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ख) कर्मचारी संख्या

| क्र.स. | पद | श्रेणी | सेवा | समूह | उपसमूह | कूल दरबन्दी |
|---|---|---|---|---|---|---|
| १ | सचिव | विशिष्ट | | | | १ |
| २ | सहसचिव | रा.प.प्रथम | प्रशासन | | | ६ |
| ३ | उपसचिव | रा.प.द्वितीय | प्रशासन | सा.प्रशासन | | १८ |
| ४ | उपसचिव | रा.प.द्वितीय | प्रशासन | लेखा | | १ |
| ५ | उपसचिव | रा.प.द्वितीय | न्याय | कानून | | १ |
| ६ | निर्देशक (कम्प्युटर) | रा.प.द्वितीय | विविध | | | १ |
| ७ | प्रमुख पुस्तकालय अधिकृत | रा.प.द्वितीय | शिक्षा | पुस्तकालय | | १ |
| ८ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्रशासन | | ३९ |
| ९ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | | २ |
| १० | कानून अधिकृत | रा.प.तृतीय | न्याय | कानून | | १ |
| ११ | कम्प्युटर ईन्जिनीयर | रा.प.तृतीय | विविध | | | १ |
| १२ | कम्प्युटर अधिकृत | रा.प.तृतीय | विविध | | | १ |
| १३ | नायव सुव्वा | रा.प.अनं.प्र. | प्रशासन | सा.प्रशासन | | २७ |
| १४ | लेखापाल | रा.प.अनं.प्र. | प्रशासन | लेखा | | २ |
| १५ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्र. | विविध | | | ८ |
| १६ | पुस्तकालय सहायक | रा.प.अनं.प्र. | शिक्षा | पुस्तकालय | | १ |
| १७ | टाइपिष्ट ना.सु. | रा.प.अनं.प्र. | प्रशासन | सा.प्रशासन | | २ |
| १८ | हलुका सवारी चालक | श्रेणी विहीन | इन्जि | मे.ई. | ज.मे. | १२ |
| १९ | कार्यालय सहयोगी | श्रेणी विहीन | प्रशासन | सा.प्र. | | २३ |
| जम्मा | | | | | | १४८ |

(ग) कार्य विवरण

## (क) आन्तरिक व्यवस्थापन महाशाखा

- मन्त्रालय र अन्तरगतका निकायहरूको जनशक्ति व्यवस्थापन, आर्थिक प्रशासन र आन्तरिक व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,
- यस मन्त्रालय र अन्तरगत रहेका राजपत्राङ्कित तृतीय श्रेणीसम्मका कर्मचारीहरूको कार्य जिम्मेवारी तोक्ने तथा कार्य विवरण लागू गर्ने, गराउने,
- मन्त्रालयको जिन्सी व्यवस्थापन र मर्मत सम्भार सम्बन्धी कार्य गर्ने, गराउने,

- भौतिक सम्पत्तिको सुरक्षा, मर्मत सम्भार आदि गर्ने, गराउने,
- लिलाम विक्री सम्बन्धी कार्य गर्ने, गराउने,
- मन्त्रालय र अन्तरगतका निकायहरूको बेरुजु फछ्यौंट गर्ने, गराउने,
- मन्त्रालय र अन्तर्गतका निकायबाट सम्पादित कार्यका विषयमा प्राप्त उजुरी, गुनासा आदिको जाँचबुझ तथा छानविन सम्बन्धी कार्यगर्ने, गराउने,
- मन्त्रालय र अन्तरगतका निकायहरूमा रहेका कर्मचारीहरूको जनशक्ति विकास र तालिम सम्बन्धी कार्यहरू गर्ने, गराउने,
- मन्त्रालय वा अन्तरगतका कर्मचारीहरूको गुनासो सम्बोधन सम्बन्धी कार्य गर्ने, गराउने,
- मन्त्रालयको पुस्तकालय व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,
- मन्त्रालयसंग तथा अन्तरगतका कर्मचारीहरूको अध्ययन, असाधारण लगायतका बिदा स्वीकृत सम्बन्धी कार्य गर्ने,
- मन्त्रालयको सांगठनिक एवं प्रशासनिक प्रक्रियाको व्यवस्थापन सम्बन्धमा आवश्यक Standard Operating Procedure (SOP) बनाउने,
- मन्त्रालय र अन्तर्गतका कर्मचारीहरूको का.स.मू. व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- निजामती सेवा ऐन, २०४९ को दफा २४(क) र निजामती सेवा नियमावली, २०५० को नियम ७८ (क), (ख) र (घ) बमोजिम तोकिएको अवधि भित्र कार्य सम्पादन मूल्याङ्कन गर्ने, गराउने तथा महाशाखा अन्तर्गत पर्ने रा.प.द्वितीय श्रेणी सम्मका कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कनको कार्य गर्ने,
- मन्त्रालय अन्तर्गतका रा.प.अनं. कर्मचारीहरूको का.स.मू.को लागि पुनरावलोकन समितिको अध्यक्ष भई काम गर्ने,
- मन्त्रालय र अन्तर्गतका आयोजनाहरूमा अस्थायी कर्मचारी व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- सूचना, अभिलेख तथा विद्युत्तीय शासन सम्बन्धी नीति, कानून, योजना, कार्यक्रम तथा समन्वय सम्बन्धी कार्य गर्ने,
- सूचना संकलन, संग्रह, अभिलेख र प्रकाशन सम्बन्धी कार्य गर्ने,
- मन्त्रालयमा आधुनिक सूचना प्रविधिको विकास र उपयोग सम्बन्धी कार्य गर्ने,
- संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन सम्बन्धी बाँकी कार्य गर्ने,
- कर्मचारी समायोजन सम्बन्धी समस्या समाधानका लागि गुनासो सुनुवाई गर्ने,
- कर्मचारी समायोजन निर्देशन समितिसँग समन्वय गरी कर्मचारी समायोजन सम्बन्धी समस्या समाधान गर्ने,

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

- संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरूको समायोजन मिलान र सुधार सम्बन्धी कार्य तथा अभिलेख व्यवस्थापन गर्न निर्देशन दिने,
- अन्य शाखा तथा महाशाखाको कार्य विवरणमा अस्पष्टता भएमा स्पष्ट पार्ने कार्य गर्ने,
- अन्य महाशाखामा उल्लेख नभएका तथा तोकिए बमोजिमका अन्य कार्य गर्ने,
- मन्त्रालय र अन्तर्गतका विकास कार्यक्रम तथा आयोजनाहरूका लागि आवश्यक अस्थायी दरवन्दी श्रृजना/स्वीकृती सम्बन्धी कार्य गर्ने,
- मन्त्रालयका सवै कर्मचारीहरूको हाजिरी र उपस्थितिको नियन्त्रण र रेखदेख गर्ने तथा कर्मचारीहरूको समय पालन र अनुशासनको पालना गर्ने, गराउने तथा आफ्नो महाशाखाका कर्मचारीहरूले कार्य फछ्र्यौट नियमित रुपमा गरे नगरेको मूल्याङ्कन गरी सोको आधारमा दण्ड र पुरस्कार सम्बन्धी कार्यको सिफारिश गर्ने,
- संघीय निजामती सेवा सम्बन्धी कानूनको कार्यान्वयन, सुधार, संशोधन र परामर्श सम्बन्धी कार्य गर्ने,
- मन्त्रालयसँग सम्बन्धित ऐन, नियम, कार्यविधि र निर्देशिका संशोधन र परिमार्जनका लागि राय परामर्श दिने व्यवस्था मिलाउने,
- सम्मानित अदालतका फैसला तथा आदेशहरूको कार्यान्वयन तथा कानूनी राय/परामर्श सम्बन्धी कार्य गर्ने गराउने,
- मन्त्रालय र अन्तरगतको सरसफाई, मर्मत, सम्भार गर्ने, गराउने र भौतिक साधन र श्रोतको छुट्टाछुट्टै विवरण प्रत्येक आर्थिक बर्षको तेश्रो चौमासिक भित्र उपलब्ध गर्ने र आगामी आर्थिक बर्षमा रकम प्राप्त हुने गरी आवश्यक व्यवस्था मिलाउने,
- मन्त्रालय तथा अन्तर्गतको केन्द्रिय लेखा व्यवस्थापन गर्ने,
- मन्त्रालयको चालु र पूँजिगत सबै स्वीकृत कार्यक्रमहरूको आर्थिक कारोवारको गोश्वारा भौचर सदर गर्ने गराउने,
- आर्थिक प्रशासन सम्बन्धी तोकिएका अन्य कार्यहरू गर्ने,
- महाशाखा अन्तर्गतका परियोजनाहरूको सम्झौतामा निश्चित भएको कर, शुल्क छुट तथा मालसामान, उपकरण खरिद गर्न सहमति दिने,
- सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम सरकारी खरिद सम्बन्धी कार्य गर्ने, खरिद भएको जिन्सी सामानको दाखिला, निरीक्षण र खर्च सम्बन्धी कार्य गर्ने, गराउने, प्रचलित आर्थिक ऐन, नियमहरूको परिधिभित्र रहेको रु. १०,००,०००।— (अक्षरेपी दश लाख रुपैया) भन्दा माथिको खरिद तथा निर्माण कार्यमा स्वीकृत बजेट अनुसार खर्च गर्ने,

- निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५० मा भएको व्यवस्था अनुसार अतिरिक्त समूहका कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी कार्य गर्ने,
- मन्त्रालय र अन्तरगतका निकायहरूमा कार्यरत राजपत्र अनङ्कीत तथा श्रेणी विहिन कर्मचारीहरूको नियमानुसार अनिवार्य अवकाश, राजिनामा तथा स्वेच्छिक अवकाश स्वीकृत गर्ने,
- समय समयमा तोकिएका अन्य कार्यहरू गर्ने ।

## (ख) संघीय मामिला महाशाखा

- संघीयता कार्यान्वयनमा आवश्यक समन्वय र सहजीकरण सम्बन्धी कार्य,
- संघ र स्थानीय तथा प्रदेश र स्थानीय तहबीचको सम्पर्क र समन्वय सम्बन्धी कार्य,
- संघीय शासन व्यवस्था सम्बन्धी अध्ययन, अनुसन्धान तथा असल अभ्यासहरूको आदान प्रदान सम्बन्धी कार्य,
- गाउँपालिका तथा नगरपालिकाको संख्या, सीमाना, वडा र केन्द्र निर्धारण तथा हेरफेर र नामाकरण सम्बन्धी नीति, मापदण्ड, कार्यान्वयन र सहजीकरण सम्बन्धी कार्य,
- विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या, सीमाना र संरचना सम्बन्धी नीति, कानून तथा मापदण्ड सम्बन्धी कार्य,
- पञ्जिकरण र व्यक्तिगत घटना दर्ता सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रम कार्यान्वयन तथा समन्वय सम्बन्धी कार्य,
- स्थानीय तहका पदाधिकारीको सुविधा सम्बन्धी नीति र मापदण्ड निर्धारण सम्बन्धी कार्य,
- संविधान तथा संघीय कानून बमोजिम स्थानीय तहलाई आवश्यक निर्देशन दिने सम्बन्धी कार्य,
- प्रदेश र स्थानीय तहबीचको विवाद एवम् समस्या समाधानमा समन्वय र सहजीकरण सम्बन्धी कार्य,
- प्रदेश, स्थानीय तह र विषयगत मन्त्रालयसँगको सम्पर्क, सहयोग तथा समन्वय सम्बन्धी कार्य,
- प्रदेश र स्थानीय तह सम्बन्धी संघीय कानून तथा स्थानीय तहको नमूना कानून, मापदण्ड र ढाँचा उपलव्ध गराउने सम्बन्धी कार्य,
- स्थानीय तहको अभिलेख व्यवस्थापन सम्बन्धी कार्य,
- स्थानीय स्तरमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसंग सम्बन्धित नीति, कानून, योजना तथा कार्यक्रम समन्वय सम्बन्धी कार्य,
- सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रममा समन्वय र अभिलेखिकरण सम्बन्धी कार्य,

- स्थानीय तहमा सामाजिक परिचालन समन्वय सम्बन्धी कार्य,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग सम्बन्धित केन्द्रिय परियोजना सल्लाहकार समिति सम्बन्धी कार्य।
- राष्ट्रिय तथा स्थानीय गैर सरकारी संस्थासँग सम्बन्धित नीतिगत समन्वय सम्बन्धी कार्य,
- संघीयता सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यासहरूको संकलन र प्रचारप्रसार सम्बन्धी कार्य,
- संघीय मामिला अध्ययन स्रोत केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य,
- संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्बन्धी नीति, कार्यान्वयन र समन्वय सम्बन्धी कार्य,
- संघीय निजामती सेवा र अन्य सरकारी सेवा संचालन सम्बन्धी सेवा, समूह र उपसमूहको व्यवस्थापन सम्बन्धी कार्य,
- संघ, प्रदेश र स्थानीय तहमा रहने पदहरूको दरबन्दी सिर्जना सम्बन्धी नीति, मापदण्ड र सहजीकरण सम्बन्धी कार्य,
- नेपाल सरकारका अस्थायी र आवधिक प्रकृतिका आयोजनाहरूको अस्थायी दरवन्दी स्वीकृती सम्बन्धी कार्य,
- संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी,
- निजामती सेवाका सबै पद तथा पदाधिकारीहरूको कार्यविवरण सम्बन्धी मन्त्रालयबाट तयार गर्न लगाई अद्यावधिक गर्ने,
- केन्द्रिय संगठन दिग्दर्शन एवम् पद व्यवस्था निर्देशिका सम्बन्धी कार्य गर्ने,
- संगठन संरचना र दरवन्दी पुनरावलोकन सम्बन्धी नीति, कार्यविधि तर्जुमा गरी संगठन संरचना र दरवन्दी पुनरावलोकन गर्ने,
- संघमा रहने मन्त्रालय, विभाग र केन्द्रीय निकायहरूको संगठन संरचना र दरवन्दी निक्यौंल गर्ने,
- नेपाल सरकारका मन्त्रालय, विभाग लगायतका निकायहरूका साथै इकाइस्तरका संगठनहरूको संगठनात्मक सुधार सम्बन्धी कार्य गर्ने,
- नेपाल सरकार तथा संवैधानिक अंगहरूका लागि आवश्यक पर्ने दरवन्दीहरू सृजना तथा खारेज गर्न मन्त्रालय तहबाट सहमति तथा स्वीकृति दिने सम्मको कारवाही गर्ने,
- निजामती सेवाका सवै पद तथा पदाधिकारीहरूको लागि कार्य विवरण सम्बन्धित मन्त्रालयबाट तयार गराई अद्यावधिक गर्ने,
- कुनै पनि समूह वा पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता र पाठ्यक्रम सम्बन्धी लोक सेवा आयोगमा परामर्श उपलब्ध गराउने,

- विशेष पद र विशेषज्ञ पद लगायत निजामती सेवाका अन्य विविध पदहरू सृजना र खारेज सम्बन्धमा कारवाही गर्ने,
- पद नाम निर्धारण गर्ने र परिवर्तन गर्न सिफारिस सम्बन्धी कार्य,
- देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायहरूको सम्पर्क महाशाखाको रुपमा कार्य गर्नेः
    - ➢ निर्वाचन आयोग,
    - ➢ राष्ट्रिय दलित आयोग,
    - ➢ राष्ट्रिय समावेशी आयोग,
    - ➢ आदिवासी जनजाती आयोग,
    - ➢ राष्ट्रिय महिला आयोग,
    - ➢ मधेशी आयोग,
    - ➢ थारु आयोग,
    - ➢ मुस्लिम आयोग,
    - ➢ समाज कल्याण परिषद् र आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठान
- ऐन र नियम र कार्यविधि र निर्देशिका संशोधन र परिमार्जनका लागि राय परामर्श दिने व्यवस्था मिलाउने,
- समय समयमा तोकिएका अन्य कार्यहरू गर्ने ।

## (ग) कर्मचारी प्रशासन महाशाखा

- नेपाल प्रशासन सेवा, नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, नेपाल इन्जिनियरिङ सेवा सिभिल समूह जनरल उपसमूह, विविध सेवा तथा यी अन्तर्गतका समूह तथा उपसमूहहरूको संचालन गर्ने, यी सेवा समूह तथा उपसमूहमा सबै प्रकारका सिफारिस, नियुक्ति, पदस्थापन, सरुवा सेवा परपवर्तन, सेवा शर्त सम्बन्धी कार्य गर्ने,
- संघ, प्रदेश र स्थानीय तहका कर्मचारीहरूको न्यूनतम शैक्षिक योग्यता सम्बन्धी नीति, कानून र मापदण्ड सम्बन्धी कार्य,
- संघीय निजामती कर्मचारी प्रशासनको केन्द्रीय कर्मचारी निकाय सम्बन्धी कार्य,
- कर्मचारी प्रशासनको प्रशासकीय अभिलेख र तथ्यांक सम्बन्धी कार्य,
- निजामती सेवा ऐन, नियमावली र प्रचलित नीति विपरित नहुने गरी राजपत्राँकित तृतीय श्रेणी सम्मका कर्मचारीहरूको प्रदेश तथा स्थानीय तहमा सरुवा तथा कामकाजमा खटाउने मन्त्रालय अन्तर्गत वा अन्तर मन्त्रालय/विभाग/कार्यालय सरुवा गर्ने, सरुवा सहमती दिने र काज खटाउने,

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

- मन्त्रालय र अन्तरगतका निकाय एवम् सङ्घीय प्रादेशिक तथा स्थानीय तह कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने,
- स्थानीय तहमा निमित्त प्रमुख प्रशासकीय अधिकृत र निमित्त जिल्ला समन्वय अधिकारी तोकी आर्थिक तथा प्रशासनिक अधिकार दिने,
- आफ्नो महाशाखासँग सम्बन्धित सम्मानित अदालतका फैसला तथा आदेशहरूको कार्यान्वयन तथा कानूनी राय परामर्श सम्बन्धी कार्य गर्ने गराउने,
- आफ्नो मातहतका कर्मचारीहरूले सम्पादन गरेका कामको मूल्यांकनको आधारमा दण्ड र पुरस्कारका लागि आवश्यक पर्ने तथ्य विवरण समेत संलग्न गरी कारवाहीको लागि पेश गर्ने,
- निजामती सेवा ऐन तथा नियमावली र स्वीकृत नीति अनुरुप सम्बन्धित मन्त्रालयबाट लेखि आएमा फाजिलका कर्मचारीहरूलाई स्वीकृत रिक्त दरवन्दीमा नियमानुसार सरुवा गरी मिलान गर्ने,
- संघीय निजामती सेवा सम्बन्धी कानूनको कार्यान्वयन, सुधार, संशोधन र परामर्श सम्बन्धी कार्य गर्ने,
- बढुवा समितिको सचिवालय सम्बन्धी कार्य गर्ने,
- समय समयमा आफू अन्तर्गतका कार्यक्रमहरूको कार्य प्रगति स्थलगत रुपमा अनुगमन गरी/गराई अवगत गराउने,
- संघीय निजामती सेवा र अन्य संघीय सरकारी सेवाहरूको व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- ऐन र नियम र कार्यविधि र निर्देशिका संशोधन र परिमार्जनका लागि राय परामर्श दिने व्यवस्था मिलाउने,
- समय समयमा तोकिएका अन्य कार्यहरू गर्ने ।

## (घ) योजना तथा विकास सहायता समन्वय महाशाखा

- स्थानीय पूर्वाधार विकास सम्बन्धी नीति, कानून, मापदण्ड, प्रविधि विकास र अनुसन्धान सम्बन्धी कार्य,
- रज्जुमार्ग, केवलकार सम्बन्धी नीति कानून र मापदण्ड निर्धारण र सहजीकरण गर्ने,
- स्थानीय पूर्वाधार विकास सम्बन्धी आवश्यक अल्पकालीन तथा दीर्घकालीन नीतिहरूको निर्माण, परिमार्जन तथा संशोधन सम्बन्धी कार्य गर्ने,
- फोहरमैला व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, समन्वय र सहजिकरण सम्बन्धी कार्य,
- स्थानीय तहका पदाधिकारी र कर्मचारीहरूको वैदेशिक भ्रमण सम्बन्धी नीति, कानून र मापदण्ड निर्धारण र समन्वय सम्बन्धी कार्य,

- मन्त्रालयसँग सम्बन्धित राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय सम्बन्धी कार्य,
- योजना तथा अन्तर्राष्ट्रिय सहयोग सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रम निर्माण तथा समन्वय,
- संघीय मामिला सम्बन्धी अन्तर्राष्ट्रिय संघ, संस्था र सञ्जालसँग सन्धी, सम्झौता, अभिसन्धी, सम्पर्क र समन्वय सम्बन्धी कार्य,
- स्थानीय तहमा बैदेशिक सहायता परिचालनमा समन्वय तथा नियमन सम्बन्धी कार्य,
- मन्त्रालय एवं अन्तर्गत निकायको लागि आवधिक तथा रणनैतिक योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेट र कार्यक्रम सम्बन्धी कार्य,
- स्थानीय तहको आवधिक, बार्षिक, रणनीतिक तथा अन्य विकास योजना सम्बन्धी कार्यमा समन्वय तथा सहजीकरण सम्बन्धी कार्य,
- संघ, प्रदेश र स्थानीय तहबीचको योजना प्रणालीबीच समन्वय र तादाम्यता सम्बन्धी कार्य,
- नेपाल सरकारबाट स्थानीय तहलाई प्रदान गरिने अनुदान सम्बन्धमा समन्वय सम्बन्धी कार्य,
- अन्तर सरकारी वित्तिय सम्बन्ध सुदृढीकरणमा समन्वय तथा स्थानीय सरकारको वित्तिय ढाँचा निर्माणको नमुना विकास सम्बन्धी कार्य,
- अन्तर-स्थानीय तह विकास योजना, परियोजना र कार्यक्रमको समन्वय र सहजीकरण सम्बन्धी कार्य,
- स्थानीय तहको योजना प्रणालीमा विषयगत मन्त्रालयसँगको सम्पर्क, सहयोग तथा समन्वय सम्बन्धी कार्य,
- विकास सहायता नीति अन्तर्गत स्थानीय तहमा अन्तर्राष्ट्रिय सहयोग परिचालनमा समन्वय र सहजीकरण सम्बन्धी कार्य,
- स्थानीय तहको अन्य मुलुकका स्थानीय तहसँगको भगिनी सम्बन्ध विस्तार सम्बन्धी कार्य,
- विशेष, संरक्षित तथा स्वायत्त क्षेत्र र पिछडिएको क्षेत्रको विकास व्यवस्थापन सम्बन्धी कार्य,
- स्थानीय तहको वस्तुगत विवरण, योजनागत तथ्यांक, प्रगति समीक्षा र प्रतिवेदन सम्बन्धी कार्यको अभिलेखिकरण र समन्वय सम्बन्धी कार्य,
- अनुगमन तथा मूल्याङ्कन सम्बन्धी नीति, कानून, मापदण्ड र कार्यक्रम तर्जुमा एवम् कार्यान्वयनमा समन्वय सम्बन्धी कार्य,
- अनुगमन तथा मूल्याङ्कनका सूचकहरूको आधारमा कार्यक्रम र आयोजनाको नियमित अनुगमन एवं मूल्याङ्कन सम्बन्धी कार्य,
- आयोजना कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न मन्त्रालयस्तरीय समस्या समाधान समिति सम्बन्धी कार्य,

- स्थानीय स्तरमा वातावरण व्यवस्थापन र दिगो विकास सम्बन्धी नीति, कानून, कार्यक्रम तथा प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकनमा समन्वय सम्बन्धी कार्य,
- भू-उपयोग र वस्ती विकास योजना कार्यान्वयनमा समन्वय सम्बन्धी कार्य,
- स्थानीय तहमा विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन सम्बन्धी नीति तथा कार्यक्रमको सहजीकरण, समन्वय तथा अनुगमन र मूल्यांकन सम्बन्धी कार्य,
- स्थानीय तहमा विपद् पूर्व सूचना केन्द्र स्थापनामा सहयोग र अन्तरनिकाय समन्वय सम्बन्धी कार्य,
- वारुणयन्त्र तथा अग्नि नियन्त्रण सम्बन्धी कार्यमा समन्वय तथा सहजीकरण सम्बन्धी कार्य,
- स्थानीय तहमा भवनसंहिता तथा भवनसम्बन्धी मापदण्ड कार्यान्वयनमा समन्वय सम्बन्धी कार्य,
- देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क महाशाखाको रुपमा कार्य गर्नेः
  - ➢ राष्ट्रिय योजना आयोग,
  - ➢ स्थानीय पूर्वाधार व्यवस्थापन विभाग
  - ➢ सडक वोर्ड नेपाल
  - ➢ लगानी वोर्ड नेपाल
  - ➢ नगर विकास कोष

- मन्त्रालय र अन्तरगतका कार्यक्रमहरूमा विदेशी स्वयंसेवक, विशेषज्ञ आदिको सेवा आवश्यक भएमा सम्बन्धित निकायहरूमा सिफारिस साथै भिषाको लागि पनि सिफारिस गर्ने,
- परियोजनाहरूको वार्षिक एवम् आवधिक कार्यक्रम तथा बजेट तयार गर्ने र स्वीकृतिका लागि पेश गर्ने,
- ऐन र नियम र कार्यविधि र निर्देशिका संशोधन र परिमार्जनका लागि राय परामर्श दिने व्यवस्था मिलाउने,
- समय समयमा तोकिएका अन्य कार्यहरू गर्ने ।

## (ङ) क्षमता विकास महाशाखा

- सार्वजनिक पदाधिकारी, स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास सम्बन्धी नीति, मापदण्ड, योजना, कार्यक्रम, पाठ्यक्रम तर्जुमा, कार्यान्वयन र समन्वय सम्बन्धी कार्य,
- स्थानीय तहको संस्थागत सुदृढीकरण तथा सशक्तिकरण सम्बन्धी कार्य,
- स्थानीय तहको जनशक्ति विकास नीति, योजना तथा कार्यान्वयन सम्बन्धी कार्य,
- विकासका बहुआयामिक र अन्तरसम्बन्धित विषयहरूको कार्यान्वयनमा क्षमता विकास सम्बन्धी कार्य,
- स्थानीय तहको न्यायिक समितिको क्षमता विकास सम्बन्धी कार्य,

- स्थानीय तहको क्षमता विकास सम्बन्धी कार्यमा विषयगत मन्त्रालयसँगको सम्पर्क, सहयोग तथा समन्वय सम्बन्धी कार्य,
- स्थानीय तहको क्षमता विकास सम्बन्धमा स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानसंगको समन्वय र सहकार्य सम्बन्धी कार्य,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सुशासन ईकाई र प्रशासन सुधार सम्वन्धी कार्यको सम्पर्क विन्दुको रुपमा काम गर्ने गराउने,
- सुशासन प्रवर्द्दन तथा उजुरी व्यवस्थापन सम्बन्धी कार्य,
- स्थानीय तहको घर, जग्गा तथा सम्पतिको संरक्षण, कारोबार र अभिलेख तथा यसको विवाद र हकभोग स्वामित्व हस्तान्तरण सम्वन्धी कार्यहरू
- स्थानीय आर्थिक विकासमा सहयोग तथा सहजीकरण सम्बन्धी कार्य,
- स्थानीय स्रोत परिचालन सम्बन्धी नीतिगत अध्ययन अनुसन्धान तथा विश्लेषण सम्बन्धी कार्य,
- स्थानीय तहका राजश्व परिचालन क्षमतामा लेखाजोखा र सुधार सम्बन्धी कार्य,
- संघीय प्रणाली सम्बन्धी श्रोत केन्द्र स्थापना र सञ्चालन सम्बन्धी कार्य,
- देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क महाशाखाको रुपमा कार्य गर्नेः
  - ➢ संघीय संसद
  - ➢ अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
  - ➢ राष्ट्रिय मानवअधिकार आयोग,
  - ➢ राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग,
  - ➢ राष्ट्रिय सूचना आयोग,
  - ➢ राष्ट्रिय सतर्कता केन्द्र
  - ➢ स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान
  - ➢ प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम
- ऐन र नियम र कार्यविधि र निर्देशिका संशोधन र परिमार्जनका लागि राय परामर्श दिने व्यवस्था मिलाउने,
- समय समयमा तोकिएका अन्य कार्यहरू गर्ने ।

## (च) प्रशासन सुधार महाशाखा

- राष्ट्रिय निजामती सेवा नीति सम्बन्धी कार्य,
- संघीय निजामती तथा अन्य संघीय सरकारी सेवाका निवृत्तिभरण लगायत अवकाशजन्य सुविधासम्बन्धी नीति, कानून र मापदण्ड र व्यवस्थापन सम्बन्धी कार्य,
- सार्वजनिक सेवा प्रवाह सम्बन्धी नीति, कानून र मापदण्ड सम्बन्धी कार्य,
- प्रशासनिक सुधार सम्बन्धी नीति, योजना, समायोजन र समन्वय सम्बन्धी कार्य,
- कर्मचारी कल्याण सम्बन्धी नीति, कानून र मापदण्ड सम्बन्धी कार्य,
- व्यवस्थापन परीक्षण सम्बन्धी नीति, योजना तथा कार्यक्रम संचालन र समन्वय,
- प्रशासन सुधार सम्बन्धी अध्ययन, अनुसन्धान तथा नीति तर्जुमा र कार्यान्वयन
- संघीय निजामती तथा अन्य सरकारी सेवाको तालिमसम्बन्धी नीति, कानून र मापदण्ड सम्बन्धमा अध्ययन, अनुसन्धान र विकास सम्बन्धी कार्य,
- मन्त्रालय र अन्तर्गतका कर्मचारीको स्वदेशी तथा विदेशी अध्ययन, तालिम स्वीकृति, पूर्व स्वीकृति तथा बिदा सिफारिस सम्बन्धी कार्य,
- कर्मचारीहरूको मन्त्रालयमा हुने शुरु अभिमुखिकरण तथा सेवाकालिन तालिम सम्बन्धी कार्य,
- प्रदेश तथा स्थानीय तहका पदाधिकारी तथा कर्मचारीको वैदेशिक भ्रमण मनोनयन तथा सहमति सम्बन्धी कार्य,
- स्वदेशी तथा विदेशी अध्ययन, अवलोकन भ्रमण तथा तालीम सम्बन्धी कार्य,
- नेपाल सरकारको नीति र कार्यक्रमको सफल कार्यान्वयनका लागि आवश्कता अनुसार प्रशासकीय व्यवस्थापन र कार्यविधिमा पुनरावलोकन,
- संघीय निजामती कर्मचारीको सेवा, सुविधा तथा प्रोत्साहन सम्बन्धी कार्य,
- राष्ट्रसेवक कर्मचारी संवद्ध संघ संस्था सम्बन्धी कार्य गर्ने,
- देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क महाशाखाको रुपमा कार्य गर्ने,
    - नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
    - निजामती अस्पताल
    - कर्मचारी तालिम प्रतिष्ठान
    - प्रशासकीय अदालत
    - राष्ट्रिय किताबखाना

- सुशासन प्रवर्द्धन तथा गुनासो व्यवस्थापन सम्बन्धी कार्य,
- संसद सेवा, स्वास्थ्य सेवा र न्याय सेवा बाहेकका सेवाहरूमा रिक्त रहेका राजपत्रांकित पदहरूको लगत विज्ञापनको लागि लोक सेवा आयोगमा पठाउने,
- जनशक्ति विकासको लागि स्वदेशी तथा वैदेशिक अध्ययन, तालिम सम्बन्धी छात्रवृत्ति समितिको सचिवालय सम्बन्धी कार्य गर्ने,
- नेपाल सरकारका विभिन्न निकायहरूवाट संचालित तालिम सम्बन्धी आवश्यक योजना कार्यक्रम तथा प्रशिक्षण विधि र पाठ्यक्रमसँग सम्बन्धित नीति निर्धारण गर्ने,
- कर्मचारीहरूको वृत्ति विकास सम्बन्धी अध्ययन, अनुसन्धान र सुझाव सम्बन्धी कार्यहरू गर्ने,
- नेपाल सरकारका विभिन्न निकायहरूको नियमित तथा आकस्मिक व्यवस्थापन परीक्षण गरी सो को बार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्ने,
- नेपाल सरकारका विभिन्न निकायहरूको सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरी बार्षिक प्रतिवेदन तयार गर्ने,
- निजामती सेवा ऐन तथा नियमावली बमोजिम अध्ययन, अध्यापन, लेखापरीक्षण व्यवसाय लगायतमा काम गर्न विभागिय स्वीकृति दिने,
- निजामती कर्मचारीलाई दिइने पुरस्कार सम्बन्धी कार्य गर्ने,
- तलब भत्ता पुनरावलोकन समिति सम्बन्धी सचिवालयको रुपमा कार्य गर्ने,
- निजामती सेवामा समावेशीकरण सम्बन्धी कार्य गर्ने,
- निजामती सेवा सम्बन्धी अन्तर्राष्ट्रिय सम्पर्क शाखाको रुपमा कार्य गर्ने,
- एकिकृत घुम्ती सेवा सञ्चालन सम्बन्धी कार्य गर्ने,
- प्रशासकीय अदालत र राष्ट्रिय किताबखानाको सम्पर्क महाशाखाको रुपमा कार्य गर्ने,
- राष्ट्रसेवक कर्मचारी संवद्ध संघ संस्था सम्बन्धी कार्य गर्ने,
- निजामती कर्मचारीहरूको सुविधा एवम् कल्याण सम्बन्धमा नीति कानून योजना कार्यक्रम तथा कार्यान्वयन सम्बन्धी कार्य र सो को अध्ययन, अनुसन्धान गर्ने,
- उच्च स्तरीय प्रशासन सुधार कार्यान्वयन तथा अनुगमन समितिको सचिवालयको रुपमा कार्य गर्ने,
- शासकीय सुधार तथा प्रशासन सुधार सम्बन्धी योजना तथा कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने,
- प्रशासन सुधार सम्बन्धी अध्ययन, अनुसन्धान तथा मन्त्रालयबाट हुने प्रकाशन सम्बन्धी कार्य (प्रशासन पत्रिका, स्वशासन, शासकीय खबर पत्रिका आदि) गर्ने,

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

- नेपाल सरकारको नीति र कार्यक्रमको सफल कार्यान्वयनका लागि आवश्यकता अनुसार प्रशासकीय व्यवस्थापन र कार्यविधिमा पुनरावलोकन गरी समयानुकूल सुधार गर्दै लैजाने,
- संघीय निजामती कर्मचारीको सेवा, सुविधा तथा प्रोत्साहन, पुरस्कार तथा दण्ड सजाय सम्बन्धी कार्य गर्ने,
- मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको संचालन र नियमन सम्बन्धी कार्य गर्ने,
- समय समयमा तोकिएका अन्य कार्यहरू गर्ने ।

## ४. मन्त्रालयवाट प्रदान गरिने सेवा

मन्त्रालयबाट सूचना माग सम्बन्धी सेवा सूचनाको हक सम्बन्धी ऐन/नियम अनुसार प्रदान हुने गरेको छ । बिभाग, समिति, प्रतिष्ठान, आयोग तथा स्थानीय तहहरूबाट हुने गरेको क्रियाकलापमा मन्त्रालयले नीतिगत कार्य र समन्वय गर्ने तथा सो बिरुद्धको उजुरी तथा गुनासो सुन्ने गरेको छ ।

## ५. मन्त्रालय महाशाखा शाखा र जिम्मेवार अधिकारी एवं सम्बन्धित शाखा प्रमुख

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको कार्यक्षेत्र भित्र समाहित गरिएको विभिन्न क्रियाकलापहरू संचालन गर्न मन्त्रालयमा देहाय बमोजिमका शाखा/महाशाखाहरूको व्यवस्था गरिएको छ । सो अनुसार मन्त्रालयका महाशाखा तथा शाखाहरूबाट सम्पादन गर्नुपर्ने गरी निर्दिष्ट गरिएको कार्यविवरण बुँदा नं. ३ मा उल्लेख गरिसकिएको छ ।

| सि.नं. | महाशाखा, शाखा, कार्यक्रम एवम् सम्बद्ध निकायको जिम्मेवार अधिकारीको विवरण | जिम्मेवार अधिकारीको पद | जिम्मेवार अधिकारीको नाम |
|---|---|---|---|
| | **सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय** | सचिव | श्री भरतमणि सुवेदी |
| १ | **सङ्घीय मामिला महाशाखा** | सहसचिव | श्री प्रकाश दाहाल |
| | ▪ सङ्घीय मामिला शाखा | उपसचिव | श्री तुलसी भट्टराई |
| | ▪ स्थानीय तह समन्वय शाखा | उपसचिव | श्री रेशमलाल कँडेल |
| | ▪ सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा | उपसचिव | श्री भुपेन्द्र सापकोटा |
| २ | **कर्मचारी प्रशासन महाशाखा** | सहसचिव | श्री बलराम रिज्याल |
| | ▪ सङ्घीय तथा प्रादेशिक कर्मचारी प्रशासन शाखा | उपसचिव | श्री कमल भट्टराई |
| | ▪ स्थानीय तह कर्मचारी प्रशासन शाखा | उपसचिव | श्री भुवनेश्वर लामिछाने |

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं

| | | | |
|---|---|---|---|
| | ▪ बढुवा शाखा | उपसचिव | श्री कबिन्द्र नेपाल |
| ३ | **योजना तथा विकास सहायता समन्वय महाशाखा** | सहसचिव | श्री काली प्रसाद पराजुली |
| | ▪ योजना तथा अनुगमन शाखा | उपसचिव | श्री जनकराज शर्मा |
| | ▪ विकास सहायता समन्वय शाखा | उपसचिव | श्री महेन्द्र सापकोटा |
| | ▪ वातावरण तथा विपद व्यवस्थापन शाखा | उपसचिव | श्री मोहन कुमार घिमिरे |
| ४ | **क्षमता विकास महाशाखा** | सहसचिव | श्री रुद्र सिंह तामाङ |
| | ▪ क्षमता विकास शाखा | उपसचिव | श्री तिर्थ प्रकाश पौडेल |
| | ▪ सुशासन प्रबर्द्धन शाखा | उपसचिव | श्री अश्विन कुमार पोखरेल |
| | ▪ स्थानीय तह स्रोत परिचालन समन्वय शाखा | उपसचिव | श्री अनुषा कोइराला |
| ५ | **प्रशासन सुधार महाशाखा** | सहसचिव | श्री मीरा आचार्य |
| | ▪ मानव संसाधन योजना शाखा | उपसचिव | श्री भोजराज घिमिरे |
| | ▪ प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखा | उपसचिव | श्री खिलराज राई |
| | ▪ कर्मचारी कल्याण शाखा | उपसचिव | श्री दिपक ढकाल |
| ६ | **आन्तरिक व्यवस्थापन महाशाखा** | सहसचिव | श्री दिवस आचार्य |
| | आन्तरिक व्यवस्थापन शाखा | उपसचिव | श्री चिरन्जिवि नेपाल |
| | आर्थिक प्रशासन शाखा | उपसचिव | श्री याम प्रसाद ढुंगाना |
| | कानून तथा फैसला कार्यान्वयन शाखा | उपसचिव | श्री मधु पौडेल ज्ञवाली |
| | सूचना प्रविधि शाखा | उपसचिव | श्री रामहरि शर्मा |
| ७ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | निर्देशक | श्री बन्दना झा |
| ८ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | कार्यकारी निर्देशक | श्री कानुन लाल चौधरी |
| ९ | राष्ट्रिय किताबखाना (निजामती) | महानिर्देशक | श्री वैकुण्ठ निधि शर्मा |
| १० | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | कार्यकारी निर्देशक | डा. राजन खनाल |
| ११ | निजामती कर्मचारी अस्पताल | कार्यकारी निर्देशक | डा. विधान निधि पौडेल |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

### ६(१) सेवा प्राप्त गर्न लाग्ने दस्तुर

सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ४ बमोजिम र अन्य बिशेष कानूनले तोके बमोजिमको दस्तुर ।

### ६(२) सेवा प्राप्त गर्न लाग्ने अवधि

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ७ ले तोकेको अबधिभित्र र अन्य बिशेष कानूनले अबधि तोकेकोमा सोही बमोजिम ।

## ७. निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

प्राप्त उजुरीहरू सम्बन्धित अधिकारीले हेरी सम्बन्धित महांशाखा र शाखामा आबश्यक कारबाहीको लागि पठाइने र शाखा प्रमुखबाट कारवाही प्रकृया अगाडी बढाइने ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

मन्त्रालयका सचिव

## ९. सम्पादन गरेका मुख्य मुख्य कामको विवरण

### १. आन्तरिक व्यवस्थापन शाखा

- यस मन्त्रालय र अन्तर्गतका निकायहरूमा कार्यरत कर्मचारीहरूको आ.व. २०८०/८१ को कार्यसम्पादन मूल्यांकन कार्य सम्पन्न गरी सम्बन्धित निकायहरूमा अभिलेखका लागि पठाइएको ।
- चालु आ.व. का लागि मन्त्रालयमा आवश्यक पर्ने स्टेशनरी तथा छपाई सम्बन्धि सामाग्रीहरूको आपूर्ति गर्न र मन्त्रालय भवन एवम् परिसर सरसफाईका लागि बोलपत्रका माध्यमबाट सप्लायर्स छनौट कार्य सम्पन्न भएको ।

### २. कानून तथा फैसला कार्यान्वयन शाखा

| शिर्षक | महिना | | | जम्मा |
|---|---|---|---|---|
| | २०८१ श्रावण | २०८१ भाद्र | २०८१ आश्विन | |
| लिखित जवाफ | ५० | ८१ | ३६ | १६७ |
| राय | २६ | १६ | १३ | ५४ |
| राजपत्रमा प्रकाशनको लागि पठाइएको | - | - | १ | १ |

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौ

| | | | | |
|---|---|---|---|---|
| आदेश कार्यान्वयन | ३३ | ६ | ४ | ४३ |
| उच्च अदालत पाटनबाट रिट नं. ०८०-WO-२९१८ मा उच्च अदालत पाटनबाट मिति २०८१/५/२३ मा भएको आदेश उपर मिति २०८१/६/१६ मा सर्वोच्च अदालतमा मुद्दा दोहोऱ्याई पाउँ निवेदन दर्ता | - | - | १ | १ |
| सर्वोच्च अदालतबाट मिति २०८१/३/१० मा भएको फैसला उपर मिति २०८१/५/६ मा पुनरावलोकन दर्ता, मिति २०८०/९/३ मा भएको फैसला उपर मिति २०८१/६/६ मा पुनरावलोकन दर्ता | - | १ | १ | २ |
| कुल जम्मा | | | | २६८ |

## ३. संघीय मामिला शाखा

- सङ्घीयता कार्यान्वयनमा समन्वय तथा सहजिकरण सम्बन्धी कार्यक्रम २ वटा स्थानीय तहमा सम्पन्न भएको ।
- विषयक्षेत्रगतको मन्त्रालय एवं सङ्घीय शासनका विज्ञ समेतको सहभागितामा सरोकारवालाहरूसँग १० औं, ११ औं र १२ औं गरी ३ वटा संवाद श्रृङ्खला कार्यक्रम सम्पन्न भएको ।
- स्थानीय तहको वडा संख्या र सीमाना हेरफेर सम्बन्धी निर्देशिकाको मस्यौदा उपर सुझाव संकलन गरिएको ।

## ४. स्थानीय तह समन्वय शाखा

- स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) बित्तीय जोखिम परिक्षण (FRA) र स्थानीय आर्थिक विकास (LED) कार्यविधि एकीकरणको प्रारम्भिक मस्यौदा तयार गरी कोशी र मधेश प्रदेशका स्थानीय तहसँग छलफल गरी सुझाव संकलन गरिएको ।
- स्थानीय तह संस्थागत क्षमता स्वःमूल्याङ्कनको गुणस्तर परीक्षण गरी नतिजा सार्वजनिक गरिएको र उच्चतम अङ्क हासिल गर्ने गाउँपालिका र नगरपालिकाहरूलाई प्रशंसापत्र प्रदान गरिएको ।
- विभिन्न १३ वटा गाउँपालिका/नगरपालिकालाई पूर्वाधार निर्माणको लागि आवश्यक पर्ने जग्गा खरिद गर्न नेपाल सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरी सैद्धान्तिक सहमति प्रदान गरिएको ।
- विभिन्न ७ वटा पालिकाहरूलाई नेपाल सरकारको नाममा रहेको सरकारी जग्गा उपयोगको लागि सम्बन्धित जिल्लाको भूमिसुधार तथा मालपोत कार्यालयलाई सिफारिस गरिएको ।

- सविक जिल्ला विकास समितिबाट अवकाश प्राप्त कर्मचारीको सेवा निवृत्त सुविधाको लागि नेपाल सरकार मन्त्रिपरिषद् समक्ष प्रस्ताव पेश गरिएको ।
- बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ तयार गरी स्वीकृत गरिएको ।
- पोषणमैत्री स्थानीय शासन सम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रम २ चरणमा सम्पन्न गरी ६३ जनालाई तालिम प्रदान गरिएको ।
- स्थानीय तहमा कार्यरत १४५ जना पोषण सहजकर्तालाई ४ वटा चरणमा तालिम प्रदान गरिएको ।
- बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयनको लागि यूरोपियन युनियनसँग बजेट अनुरोध गरी पठाइएको ।

## ५. सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा

- वादी समुदाय उत्थान विकास समिति, पिछडीएको समुदाय उत्थान विकास समिति तथा उपेक्षित उत्पिडित तथा दलित वर्ग उत्थान विकास समिति एकिकृत गरी दलित, उपेक्षित, उत्पिडित वर्ग उत्थान तथा विकास प्राधिकरण गठन सम्बन्धी ऐन २०८१ तर्जुमाको सैद्धान्तिक सहमतीको लागि अवधारणा पत्र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको ।
- जनवादी गणतन्त्र चीनको Nati0nal Ethnic Affairs Commission (NEAC) आदिवासी जनजाति आयोगबीच पारस्परिक साझेदारी प्रवर्द्धन गर्नको लागि प्रस्तावित Memorandum of Understanding उपर राय/सुझावका लागि अर्थ मन्त्रालय तथा परराष्ट्र मन्त्रालय पठाइएको ।

## ६. संगठन विकास शाखा

- कृषि तथा पशुपन्छी विकास मन्त्रालय, परराष्ट्र मन्त्रालय र अन्तर्गतका दुतावास र नियोगहरू, हुलाक सेवा विभाग र अन्तर्गतका कार्यालयहरू (१८ वटा) शहरी विकास मन्त्रालय र अन्तर्गतका निकायहरू र केन्द्रीय कारागार कार्यालय नुवाकोट लगायतका ४ कारागार कार्यालयहरूको संगठन संरचना र दरवन्दी स्वीकृत गर्ने प्रस्ताव नेपाल सरकार (मन्त्रिपरिषद्) मा पेश भई स्वीकृत भएको ।
- उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबो निवारण मन्त्रालय, महिला, बालवालिका तथा जेष्ठ नागरिक मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र कृषि तथा पुशपन्छी विकास मन्त्रालयको नेपाल सरकारबाट आर्थिक बर्ष २०८१/८२ को लागि स्वीकृत भएको अस्थायी दरबन्दीको अभिलेख प्रमाणित गरिएको ।

## ७. बढुवा शाखा

| क्र.सं. | सम्पादित कामको विवरण | परिमाण/संख्या | कैफियत |
|---|---|---|---|
| १ | राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा वढुवा सिफारिस सम्बन्धी कार्य | ३(तीन) | |

| | | | |
|---|---|---|---|
| २ | कर्मचारी वढुवा र कार्यसम्पादन मूल्याङ्कनमा रहेका समस्याहरू, त्रुटीहरू न्यूनीकरण गर्ने उद्देश्यले केन्द्रीय निकायका कर्मचारी प्रशासन महाशाखा/शाखा प्रमुखहरूसँग (केन्द्रीय स्तरमा) प्रदेश मन्त्रालय र प्रदेश मुकामका प्रदेशका कार्यालयहरूका प्रशासन महाशाखा/शाखा प्रमुखहरूसँग (प्रदेश स्तरमा) र जिल्ला स्थित कार्यालयका प्रमुखहरूसँग (जिल्ला स्तरमा) अन्तरक्रिया कार्यक्रम सम्पन्न | ५(पाँच) | केन्द्रीयस्तरमा — १<br>प्रदेश स्तरमा - २<br>(कोशी र गण्डकी प्रदेश)<br>जिल्ला स्तरमा — २<br>(बाग्लुङ्ग र धनुषा) |

## ८. स्थानीय तह कर्मचारी प्रशासन शाखा

- कामकाज/पदस्थापन/सरुवाः
  - उपसचिव — ९६
  - शाखा अधिकृत — ५०५
  - ना.सु./खरिदार - ४५
- आर्थिक तथा प्रशासनिक जिम्मेवारी — ५०

## ९. योजना तथा अनुगमन शाखा

- आ.व. ०८०/८१ को चौथो त्रैमासिक एवम् वार्षिक प्रगति समीक्षा एवम् मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न भएको ।
- आ.व. ०८०/८१ मा यस मन्त्रालय र अन्तर्गत सञ्चालित कार्यक्रमहरूको वार्षिक प्रगति विवरण तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा पठाइएको ।
- आ.व. ०८१/८२ को नीति तथा कार्यक्रम एवम् वजेट कार्यान्वयन कार्ययोजनाको मासिक प्रगति प्रतिवेदन तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको Online प्रणालीमा मासिक रुपमा प्रविष्टि गरिएको ।
- आ.व. ०८१/८२ को कार्यसम्पादन सूचक तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको।
- संविधानको धारा ५३ वमोजिमको नेपाल सरकारको वार्षिक प्रगति प्रतिवेदन तयारीका लागि मन्त्रालयसँग सम्वन्धित विवरण तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको।
- यस शाखाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार वाग्मती प्रदेशका स्थानीय तहका असल अभ्यास र सिकाई सम्वन्धी अनुभव आदान प्रदान कार्यक्रम सम्वन्धी काभ्रेको धुलिखेलमा ३ दिने आवासीय कार्यक्रम सम्पन्न भएको।
- स्थानीय तहको कार्यसम्पादन सहजीकरणका लागि कार्यक्रम कार्यान्वयन ढाँचा तयार गरी हालसम्म ४ वटा स्थानीय तहको कार्यसम्पादन सहजिकरण गरिएको ।

- उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक/सामाजिक सशक्तिकरण कार्यक्रम सञ्चालन निर्देशिका, २०८१ तयार गरी रायका लागि अर्थ मन्त्रालयमा पठाइसकिएको ।
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यमा स्थानीय तहको क्षमता विकास गर्न स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानसँगको सहकार्यमा हालसम्म २ जिल्लाका स्थानीय तहमा (नवलपरासी पश्चिम र कपिलवस्तु) अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको ।
- विभिन्न मन्त्रालय एवम् महाशाखा/शाखाबाट यस शाखाको राय माग भइ आएको फाइल उपर राय/सहमति प्रदान गरिएको ।

## १०. वातावरण तथा विपद् व्यवस्थापन शाखा

- समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन (CBDRM) बैठक वसी CBDRM सम्बन्धी संचालनमा रहेका क्रियाकलापहरूको समिक्षा, प्रदेशस्तरीय CBDRM Platform सम्बन्धमा, MDRGA Tools कार्यान्वयन सम्बन्धमा छलफल गरिएको ।
- Early recovery cluster र CBDRM Platform को संयुक्त बैठक वसी असोज ११ र १२ गते भएको भारी वर्षावाट प्रभावित भएको सिघ्र सामाजिक आर्थिक पुनर्लाभ सम्बन्धमा र updates on early recovery initiatives from partners सम्बन्धमा छलफल गरी निर्णय गरिएको ।
- राष्ट्रिय वनको जग्गा भोगाधिकार सम्बन्धमा अजिरकोट गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि वन तथा वातावरण मन्त्रालयमा प्रेषित गरिएको ।
- राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको निर्धारणका लागि सैनामैना नगरपालिका, रुपन्देहीमा एकीकृत फोहरमैला प्रशोधन केन्द्र निर्माणका लागि राष्ट्रिय योजना आयोगमा पठाइएको ।
- राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको निर्धारणका लागि महावै गाउँपालिका, कालिकोटमा प्रशासनिक भवन निर्माणका लागि राष्ट्रिय योजना आयोगमा पठाइएको ।
- राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको निर्धारणका लागि नमबुद्ध नगरपालिका, काभ्रेपलाञ्चोकमा एकिकृत वैज्ञानिक फोहरमैला प्रशोधन केन्द्र निर्माणका लागि राष्ट्रिय योजना आयोगमा पठाइएको ।

## ११. क्षमता विकास शाखा

- स्थानीय तहमा कार्यरत जनशक्तिको क्षमता विकास क्षेत्र पहिचान अध्ययन प्रतिवेदन, स्थानीय तहको संस्थागत क्षमता विकास सम्बन्धी विषयगत क्षेत्र पहिचान अध्ययन प्रतिवेदन, स्थानीय तह क्षमता विकास योजना तर्जुमा

दिग्दर्शन र स्थानीय तहको सभा अन्तर्गतको विधायन समितिका पदाधिकारीहरूको क्षमता विकास सम्बन्धी तालिम मोड्युल मस्यौदालाई अन्तिम रुप दिइएको ।

- स्थानीय तहको कार्यपालिका अन्तर्गतका विषयगत समितिहरूको क्षमता विकासका लागि सहजीकरण सामग्री मस्यौदा भइरहेको ।
- स्थानीय तहको सेवा प्रवाहमा सहजीकरणका लागि SOP तर्जुमा सम्बन्धी सामग्री मस्यौदा भइरहेको ।

## १२. स्थानीय तह श्रोत परिचालन समन्वय शाखा

- स्थानीय तहको श्रोत परिचालन सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरिएको ।
- नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालन कार्यविधि, २०८१ (मस्यौदा) सहमतिको लागि अर्थ मन्त्रालयमा पठाइएको ।
- विभिन्न निकायबाट जानकारी, राय र निर्देशन माग भई आएका विषयहरूमा कारवाही गरिएको ।

## १३. सुशासन प्रबर्द्धन शाखा

- सूचनाको हकसम्बन्धी ऐन तथा नियमावली वमोजिम आ.व. २०८१/८२ को पहिलो त्रैमासिकको स्वः प्रकाशन गरिएको ।
- संसद चालु रहेको अवस्थामा संघीय संसदको दुवै सदनमा यस मन्त्रालयसँग सम्बन्धित विषयमा उठेका प्रश्नहरूको रिपोर्टिङ तथा जवाफ तयार गरिएको ।
- गुनासो फछ्यौंटको अवस्था सत प्रतिशत रहेको ।
    - अ.दु.अ.आ. — ३४
    - रा.स.के. — २
    - प्र.म.तथा म.प.को कार्यालय — १२
    - सार्वजिनिक खरिद अनुगमन कार्यालय — ३
    - अन्य — ९
    - हेलो सरकार - ।
- ४ वटा सूचना माग कर्तालाई सूचना उपलब्ध गराइएको
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३३ औं वार्षिक प्रतिवेदनको सुझाव एवम् २२ बुँदे सुझाव कार्यान्वयनको प्रगति पठाइएको ।निलम्बननिलम्बन फुकुवा सम्बन्धी विवरण/
    - निलम्बन — अधिकृत स्तर २ जना
    - निलम्बन फुकुवा — सहसचिव-२, उपसचिव-६, शाखा अधिकृत-१, ना.सु.-१

## १४. कर्मचारी कल्याण शाखा

- निजामती सेवा दिवस २०८१ को अवसरमा १० जना निजामती कर्मचारीलाई उत्कृष्ठ निजामती सेवा पुरस्कार प्रदान गरिएको ।
- निजामती सेवा दिवस २०८१ को अवसरमा ३० जना निजामती कर्मचारीलाई निजामती सेवा पुरस्कार प्रदान गरिएको ।
- निजामती सेवा दिवस २०८१ भाद्र २२ गतेका दिन उल्लासमय रुपमा सम्पन्न गरिएको ।
- शैक्षिक प्रोत्साहन वृत्ति प्राप्त गरेका निजामती कर्मचारीका सन्ततिहरूको अध्ययनको अनुगमन क्रमिक रुपमा रहेको ।
- कार्यरत/सेवा निवृत्त निजामती कर्मचारीको योगदानमा आधारित कल्याणकारी कोष व्यवस्थापन कार्यक्रमको कार्यदल गठन भई मस्यौदा छलफलको क्रममा रहेको ।
- यस अवधिमा २ जना निजामती कर्मचारीहरूलाई कडा रोग लागेकोले उपचारका लागि सहायता माग भएकोमा सो बमोजिम सहायताको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव गरि निर्णय भएको र थप २ जनाको फाइल कार्यान्वयनको क्रममा रहेको ।
- निजामती अस्पतालको क्रियाकलापमा निरन्तर समन्वय गरिएको ।

## १५. प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखा

१. व्यवस्थापन परीक्षण तर्फः-

- आर्थिक वर्ष २०७९/८० को २०८०/८१ मा गरिएका १६ वटा सङ्घीय निकायहरू मध्ये ७ वटा निकायको व्यवस्थापन परीक्षण प्रतिवेदन हस्तान्तरण गरिएको।
- आर्थिक वर्ष २०८१/८२ मा आ.व. २०८०/८१ को ३० वटा सङ्घीय निकायको व्यवस्थापन परीक्षण गर्न पत्राचार भई १० वटा निकायहरूमा व्यवस्थापन परीक्षण प्रारम्भ गरिएको ।

२. प्रशासन जर्नलको १३९औं अङ्क प्रकाशन गरिएको। २. प्रशासन जर्नलको १४० औं अङ्कको लागि २०८१ भाद्र मसान्तसम्मको समय दिई लेख/रचना माग गरिएको।

३. धनुषा जिल्लाका विभिन्न ४ वटा कार्यालयहरू (जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, नापी कार्यालय र आन्तरिक राजश्व कार्यालय) मा सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरिएको ।

## १६. मानव संसाधन योजना शाखा

- चालु आर्थिक बर्षमा लोक सेवा आयोगबाट हुने पदपुर्तिको लागि राजपत्राँकित प्रथम र द्वितीय श्रेणीका ४१५ रिक्त पदहरू एकिन गरी माग आकृति फाराम लोक सेवा आयोगमा पठाइएको।
- केन्द्रीय छात्रवृत्ति समितिको १० वटा बैठक सम्पन्न गरिएको ।
- SEDP तालिम कार्यक्रमको लागि सहसचिव वा सो सरहका 25 जना कर्मचारीलाई छनौट गरी पठाइएको । )NASC बाट माग भए अनुसार अनुसार (
- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान मार्फत रा.प. द्वितीय श्रेणी वा सो सरहका विभिन्न निकायका ५० जना अधिकृतहरूलाई सेवाकालिन तालिम सम्पन्न गरेको । यस मन्त्रालय अन्तरगतका ४ जना कर्मचारीलाई मनोनयन गरी पठाइएको ।
- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान मार्फत रा.प. तृतीय श्रेणी वा सो सरहका विभिन्न निकायका १२५ जना अधिकृतहरूलाई सेवाकालिन तालिम सम्पन्न गरेको । यस मन्त्रालय अन्तरगत ८ जना कर्मचारी मनोनयन गरी पठाइएको ।
- नेपाल विविध सेवाका १५ जना नवप्रबेशि कम्प्यूटर अधिकृत र कम्प्यूटर इन्जिनियरहरूको लागि ५ दिने अभिमुखीकरण तालिम सम्पन्न गरेको ।

## १७. आर्थिक प्रशासन शाखा

- जिल्ला समन्वय समिति र स्थानीय तहहरुका लागि बेरुजु व्यवस्थापन सम्बन्धी प्रदेश स्तरीय अन्तरक्रिया तथा कार्यशाला कार्यक्रम २०८१ भदौमा गण्डकी प्रदेशमा पोखरामा सम्पन्न गरिएको ।

## १८. विकास सहायता समन्वय शाखा

- उच्च प्रभावयुक्त सामुदायिक विकास आयोजना (HICDPs) अन्तर्गत विभिन्न स्थानीय तह र मन्त्रालयबाट आयोजना प्रस्तावहरू अध्ययन गरी अर्थ मन्त्रालयमा सिफारिस गरिएको।
- विभिन्न स्थानीय तहहरूमा KOICA, JICA, Peace Corps Nepal र Australian Volunteers परिचालन गर्ने सम्बन्धमा आवश्यक समन्वय र सहजीकरणको काम गरिएको।
- स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरूको विदेश भ्रमणको लागि आवश्यक समन्वय तथा सहजीकरणको कार्य गरिएको।
- विभिन्न स्थानीय तहले अन्य देशका स्थानीय तहसँग भगिनी सम्बन्ध स्थापना गर्ने सम्बन्धमा आवश्यक समन्वय तथा सहजीकरणको कार्य गरिएको।

- वैदेशिक सहायतामा सञ्चालित आयोजना तथा स्थानीय तह पूर्वाधारका लागि दातृ निकायहरूसँग नियमितरूपमा समन्वय गरिएको।
- माननीय मन्त्रिज्यूको नेपालस्थित विभिन्न राजदूतावासका राजदूत तथा पदाधिकारीहरूसँग शिष्टाचार लगायत विषयगत भेटघाटको लागि सहजीकरण र समन्वय गरिएको।
- MoU on Projects Aid to Nepal को कार्यान्वयन ढाँचा स्वीकृत गरी सम्बन्धित स्थानीय तहहरूलाई आयोजना प्रस्ताव पेश गर्न सूचना प्रकाशन गरिएको। प्राप्त आयोजना प्रस्तावहरू अध्ययन गरी अर्थ मन्त्रालयमा सिफारिस गरिएको।

## १९. सङ्घीय तथा प्रादेशिक कर्मचारी प्रशासन शाखा

१. सरुवा गरिएका तथा कामकाजमा खटाइएका कर्मचारीहरुको विवरण

| क्र.सं. | तह/श्रेणी | संख्या | कैफियत |
|---|---|---|---|
| १ | रा.प.प्रथम श्रेणी | १३९ | |
| २ | रा.प.द्वितीय श्रेणी | १८८ | |
| ३ | रा.प.तृतीय श्रेणी | २६७ | |
| ४ | रा.प.अनं. प्रथम श्रेणी | ५२० | |
| ५ | रा.प.अनं. द्वितीय श्रेणी | १६७ | |
| ६ | श्रेणी विहिन | १५ | |

२. स्थायी नियुक्ति गरिएका कर्मचारीहरुको विवरण

| क्र.सं. | तह/श्रेणी | संख्या | कैफियत |
|---|---|---|---|
| १ | राजपत्रांकित कर्मचारी | ९१ | |
| २ | राजपत्र अनंकित कर्मचारी | ० | |

## २०. तराई-मधेश समृद्धि कार्यक्रम

| सि.नं. | मुख्य क्रियाकलाप | प्रगति |
|---|---|---|
| १ | तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०८१ निर्माण | मिति २०८१।५।२१ मा मन्त्रीस्तरवाट स्वीकृत भई कार्यान्वयनमा रहेको । |
| २ | अनुगमन तथा मुल्याङ्कन गर्ने | मन्त्रालय तथा तराई-मधेश समृद्धि कार्यक्रमवाट अनुगमन गरिएको । |

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

## १०. सूचना अधिकारी, प्रवक्ता, सहायक प्रवक्ता, गुनासो सुन्ने अधिकारी र प्रमुखको नाम र पद

| | |
|---|---|
| प्रमुख | सचिव श्री भरतमणि सुवेदी |
| प्रवक्ता | सहसचिव श्री काली प्रसाद पराजुली |
| सहायक प्रवक्ता एवम् सूचना अधिकारी | उपसचिव श्री अश्विन कुमार पोखरेल |

## ११.आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धि अद्यावधिक विवरण

आ व २०८१।८२ को २०८१ श्रावण देखि २०८१ आश्विन मसान्त सम्मको बजेट र खर्चको प्रगति (रु हजारमा)

| क्र. सं. | बजेज उपशीर्षक | बजेट रु. | | | खर्च रु. | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पूँजिगत | जम्मा | चालु | पूँजिगत | जम्मा | चालु | पूँजिगत | जम्मा |
| १ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ६२८१३४ | ८११४ | ६३६२४८ | ३६९७३ | ० | ३६९७३ | ५.८९ | ० | ५.८१ |
| २ | अतिरिक्त समूह | १५०००० | ० | १५०००० | २१७०६ | ० | २१७०६ | १४.४७ | | १४.४७ |
| ३ | संघीय शासन प्रणाली व्यवस्थापन कार्यक्रम | १५०० | ० | १५०० | ० | ० | ० | ० | | ० |
| ४ | जिल्ला समन्वय समितिको कार्यालयहरू | १२००८४२ | ० | १२००८४२ | २२३०८६ | ० | २२३०८६ | १८.५८ | | १८.५८ |
| ५ | बहुक्षेत्रीय पोषण कार्यक्रम | ५४६७८ | ० | ५४६७८ | ० | ० | ० | ० | | ० |
| ६ | तराई मधेस समृद्धि कार्यक्रम | १६१६८ | १००० | १७१६८ | १०४५ | ० | १०४५ | ६.४६ | ० | ६.०८ |
| ७ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ४९३०४४ | ९४०० | ५०२४४४ | ० | ० | ० | ० | ० | ० |
| ८ | उत्तरीक्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम | ५०५०० | ० | ५०५०० | ० | ० | ० | ० | | ० |
| ९ | साना विकास परियोजना | ४००५०० | ० | ४००५०० | ० | ० | ० | ० | | ० |
| १० | नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम | ३५२५०० | ० | ३५२५०० | ० | ० | ० | ० | | ० |
| ११ | सङ्घीय शासन सवलीकरण कार्यक्रम | २०००० | ० | २०००० | ० | ० | ० | ० | | ० |
| १२ | हिमाली क्षेत्र आयोजना सहायता कार्यक्रम | ३६८८०० | ० | ३६८८०० | ० | ० | ० | ० | | ० |
| १३ | उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरण कार्यक्रम | ४०२१०० | ० | ४०२१०० | ० | ० | ० | ० | | ० |
| १४ | जलवायु परिवर्तन स्थानीय अनुकूलन कार्यक्रम | २४३५०० | ० | २४३५०० | ० | ० | ० | ० | | ० |
| १५ | जलवायु परिवर्तन स्थानीय अनुकूलन कार्यक्रम | २४३५०० | ० | २४३५०० | ० | ० | ० | ० | | ० |
| १६ | स्थानीय पूर्वाधार सहयोग कार्यक्रम | १००३००० | ० | १००३००० | ० | ० | ० | ० | | ० |
| १७ | निजामती किताबखाना | ७८९०८ | १०४७०० | १८३६०८ | १४०६६ | ० | १४०६६ | १७.८३ | ० | ७.६६ |

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १८ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | ९७५०० | २००० | ९९५०० | १४६४० | ५१२ | १५१५३ | १५.०२ | २५.६१ | १५.२३ |
| १९ | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | २१५००० | ० | २१५००० | ३१२९७ | ० | ३१२९७ | १४.५६ | | १४.५६ |
| २० | आदिवासि / जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | ११८५५० | २००० | १२०५५० | ६६२८ | ० | ६६२८ | ५.५९ | ० | ५.५ |
| २१ | निजामती कर्मचारी अस्पताल विकास समिति | २१९५०० | ० | २१९५०० | ० | ० | ० | ० | | ० |
| कुल जम्मा | | ६३५८२२४ | १२७२१४ | ६४८५४३८ | ३४९४४१ | ५१२ | ३४९९५४ | ५.५ | ०.४ | ५.४ |

## १२.सुचनाहरू अन्यत्र प्रकाशन भएको विवरण

मन्त्रालयका अधिकांश परिपत्र र सूचनाहरू मन्त्रालयको वेवसाईट www.mofaga.gov.np मा नियमित  प्रकाशन हुने गरेको, प्रत्येक स्थानीय तहको छुट्टाछुट्टै पोर्टल निर्माण गरि स्थानीय तहको पोर्टलमा समेत पठाउने गरिएको । साथै, विभाग, समिति, प्रतिष्ठान र स्थानीय तहहरूका सूचनाहरू तत् तत् निकायहरूमा प्रकाशित हुने गरेको छ।

## १३. मन्त्रालय/निकायमा परेको सूचना माग सम्बन्धी निवेदन

आ.ब. २०८१/८२ को यस त्रैमासिकमा प्राप्त सूचना माग सम्बन्धी निवेदनको आधारमा ४ वटाको सूचना उपलब्ध गराइएको ।

## १४. मन्त्रालयले गरेका सूचना सम्बन्धी थप कामहरू

- ७५३ स्थानीय तहहरूलाई आन्तरिक संचारको लागि Mofaga Portal विकास गरि वेवसाईट संग आबद्ध गरिएको ।
- आन्तरिक संचारको लागि बल्क ईमेल तथा वेव एसएमएस सिस्टम विकास गरि वेवसाईट संग आबद्ध गरिएको ।
- पोर्टल संचालनको लागि ७५३ स्थानीय तहहरूलाई युजर नेम र पासवर्ड उपलव्ध गराई सम्बन्धित स्थानीय तहको विवरण अद्यावधिक गराउने कार्य गरिएको ।

## १५. मन्त्रालयले गरेका कार्यक्रम र सो को प्रतिवेदन

नियमित प्रकाशन गर्ने गरेको छ ।

## १६. मन्त्रालयले वर्गीकरण तथा संरक्षण गरेका सूचनाको विवरण

यस मन्त्रालय अन्तर्गतका सार्वजनिक गर्न मिल्ने र नमिल्ने प्रकृतिका सूचनाहरूको वर्गीकरण गरी सो सम्बन्धी विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

## १७. ऐन नियम तथा निर्देशिकाको सूची

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८
- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६
- कर्मचारी समायोजन ऐन, २०७५
- जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव (कसुर र सजाय) ऐन, २०६८
- ट्रेड युनियन ऐन,२०४९
- निवृत्तिभरण कोष ऐन, २०७५
- निजामती सेवा ऐन, २०४९
- नेपाल प्रशासनिक प्रशिक्षण ऐन, २०३९
- भ्रष्टाचार निवारण ऐन, २०५९
- लोकसेवा आयोग ऐन, २०६६
- वातावरण संरक्षण ऐन, २०७६
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
- संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
- सार्वजनिक खरिद ऐन, २०६३
- सूचनाको हकसम्बन्धी ऐन, २०६४
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन, २०४९
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७
- कर्मचारी समायोजन नियमावली, २०७४
- जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) नियमावली, २०७४
- ट्रेड युनियन नियमावली, २०५०
- निजामती कर्मचारी कल्याणकारी कोष नियमावली, २०७२
- निजामती कर्मचारी योगदान कोष (सञ्चालन) नियमावली, २०६९
- निजामती सेवा नियमावली, २०५०
- निजामती सेवाका कर्मचारीको आचरण सम्बन्धी नियमावली, २०६५
- नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५१
- नेपाल इन्जिनियरिङ्ग सेवा (गठन, समुह तथा श्रेणी विभाजन र नियुक्ति)

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

- नेपाल प्रशासन सेवा (गठन, समुह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५०
- नेपाल विविध सेवा (गठन, समुह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५०
- भ्रमण खर्च नियमावली, २०६४
- वातावरण संरक्षण नियमावली, २०७७
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६
- वैयक्तिक गोपनीयताको हक सम्बन्धी नियमावली, २०७७
- सार्वजनिक खरिद नियमावली, २०६४
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५
- सूचनाको हकसन्बन्धी नियमावली, २०६५
- सरकारी कार्यालयको वेवसाईट निर्माण तथा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७८

नोटः प्रस्तुत विवरण सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौंको वेवसाइट www.mofaga.gov.np मा समेत हेर्न सकिन्छ ।